# ख्वप माध्यमिक विद्यालय

## प्रि-बोर्ड परीक्षा-२०८१

**सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा**

समय : ३ घण्टा | पूर्णाङ्क : ७५

कक्षा : १२ (दिवा) | २०८१/१२/०८ | उत्तिर्णाङ्क : ३०

*विद्यार्थीले सकेसम्म आफ्नै शैलीमा अर्थपूर्ण र सृजनात्मक उत्तर दिनुपर्नेछ । सबै प्रश्नको उत्तर लेख्नुहोस् ।*

### समूह क

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** ११×१=११

१. तपाईंलाई अनुसन्धान गर्न मन लागेको कुनै एउटा शिर्षक लेख्नुहोस् ।

२. महिला सशक्तिकरण भन्नाले के बुझिन्छ ?

३. शिक्षाले सामाजिक परिवर्तन गर्ने एक प्रभावकारी तरिका लेख्नुहोस् ।

४. नेपालको इतिहासमा मध्यकालिन अवधि कहिलेदेखि कहिलेसम्म रहेको थियो ?

५. सामाजिक अध्ययन गर्नुको मुख्य उद्देश्य के हो ?

६. सूचनाको हकलाई कसरी उपयोग गर्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

७. ग्लोबल पोजिसनिङ सिस्टम (GPS)को दुईवटा उपयोगिता लेख्नुहोस् ।

८. वर्ग बिभाजनको प्रमुख आधार लेख्नुहोस् ।

९. बसाइँसराइँका कुनै दुई प्रतिकूल असरहरु लेख्नुहोस् ।

१०. अन्तरप्रदेश परिषद् भन्नाले के बुझिन्छ ?

११. अरुको दु:खलाई आफ्नै ठानेर व्यवहार गर्नु कुन जीवनोपयोगी सिप हो ?

### समूह ख

**तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् :** ८×५=४०

१२. "भक्तपुर नगर पर्यटकको लागि जीवन्त सङ्ग्रहालय" शीर्षकमा एउटा अध्ययन प्रस्तावनाको नमुना तयार गर्नुहोस् ।

**अथवा**

नेपालमा पिछडिएका महिला तथा अपाङ्गलाई समावेशीकरण गर्नुपर्ने कारणहरु के के छन् ?

१३. नेपालमा बेरोजगारीको समस्या पहिचान गरी रोजगारी सृजन गर्ने उपायहरु उल्लेख गर्नुहोस् ।

१४. अन्तर्राष्ट्रिय सम्बन्ध भन्नाले के बुझिन्छ ? BIMSTEC संगठनमा नेपालको भूमिकालाई व्याख्या गर्नुहोस् ।

१५. "सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा बीच घनिष्ट सम्बन्ध हुन्छ ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

१६. समतामूलक समाज भन्नाले के बुझिन्छ ? यस प्रकारका समाज निर्माण गर्ने प्रक्रिया उल्लेख गर्नुहोस् ।

१७. राजतन्त्रको अन्त्य पछि गणतान्त्रिक राज्यमा जनताको आकाङ्क्षा अनुरूप प्राप्त भएका नागरिक हक, अधिकार र कर्तव्य उल्लेख गर्नुहोस् ।

१८ "बैज्ञानिक शिक्षा र देशको अर्थतन्त्रको सम्बन्ध" विषयमा सम्पादकीय लेख्नुहोस् ।

१९ बागमती प्रदेशको आर्थिक तथा सामाजिक बिशेषताहरुको बिषयमा संवाद लेख्नुहोस् ।

**अथवा**

स्थानीय सरकारको काम, कर्तव्य र अधिकार के के छन् ? वर्णन गर्नुहोस् ।

## समूह ग

**का प्रश्नहरुको लामो उत्तर दिनुहोस् :** ३×८= २४

२० नेपालको सङ्घीय सरकारको गठन प्रक्रियाको साथै काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस् ।

२१ आर्थिक विकासलाई परिभाषित गरी नेपालको आर्थिक विकास गर्न बैदेशिक ब्यापारको महत्त्व बारे व्याख्या गर्नुहोस् ।

**अथवा**

दर्शन भन्नाले के बुझिन्छ ? पूर्वीय परम्परामा गौतम बुद्धको योगदानको बारेमा चर्चा गर्नुहोस् ।

२२. आत्मबोधले व्यक्तित्व विकासमा कसरी सहयोग पुऱ्याउँछ ? सिर्जनात्मक सिप बिकास गर्ने तरिकाहरूबारे लेख्नुहोस् ।

*॥ समाप्त ॥*